ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ

☎०३६-४११९०३
☎०३६-४११९०४
E-mail :info@aiselukharkamun.gov.np
Website:www.aiselukharkamun.gov.np

१ नं. प्रदेश, नेपाल

प.स. :- २०७८/७९
च.नं. :-

# प्रेस विज्ञप्ती

मिति २०७८/१०/१३ गते विहीवार राती ऐसेलुखर्क गाउँपालिकाको ३ नं. वडा कार्यालय र यसै गाउँपालिका अन्तर्गत वडा नं. ३ वडा कार्यालयसँगै रहेको श्री त्रिभुवन माध्यमिक विद्यालयको कार्यकक्ष अज्ञात समूहबाट तोडफोड भएको सम्वन्धमा ऐसेलुखर्क गाउँपालिकाको गम्भीर ध्यानाकार्षण भएको छ ।

अज्ञात समुह द्धारा उक्त वडा कार्यालयको गेटको चावी तोडेर कार्यालय भित्र पसेर वडा अध्यक्षको कार्यकक्ष, वडा सचिवको कार्यकक्ष र वडा सभाहल तोडफोड भएको, वडाको ल्यापटप, कम्प्युटर जस्ता जिन्सी सामाग्रीहरु छरप्रष्ट रहेको, त्यस्तै त्रिभुवन माध्यमिक विद्यालयको कार्यालय छिर्ने ढोका तोडफोड गरेर प्रध्यानाध्यापकको कार्यकक्षमा रहेको ल्यापटप राख्ने बाकस फोडी खानतलासी गरी बिभिन्न कागजातहरु छरिएको अवस्थामा पाइयो ।

उक्त घटनाको छानविन गर्न सम्वन्धित वडा कार्यालय, विद्यालय, इलाका प्रहरी कार्यालय समेतले छानविन गर्ने प्रयास भैरहेको छ । यसरी सार्वजानिक ठाउँमा मध्यरातमा अज्ञात समूहबाट यस्तो अराजक गतिविधि हुनु निन्दनीय घटना हो । यसको छानविन गर्न सम्वन्धित निकायमा ध्यानाकर्षण गराउँदै दोषी माथी कानुनी कार्वाहीको लागि अनुरोध गरी यो विज्ञप्ती जारी गरिन्छ ।

२०७८/१०/१६
ऐसेलुखर्क, खोटाङ

०७८।१०।१६

विश्वनाथ निरौला
अध्यक्ष